# विश्रामपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विश्रामपुर,बारा
मधेश प्रदेश,नेपाल

पत्र.सं. ०८२।०८३ मिति : २०८३।०२।०४
च.नं. सूचना

## सार्वजनिक सूचना ।

प्रस्तुत बिषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसुची अन्तर्गतको बुदा नं ९२ कार्यान्वयन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८२।०८३, च.नं.४१२ मिति २०८३।०१।१७ गतेको प्राप्त पत्र बमोजिम यस विश्रामपुर गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक तथा सरकारी जग्गा,सडक, खोला, नाला, ऐलानी, पर्ती ,पार्क, (गौचर,विधलालय,सार्वजनिक पोखरी,मस्जिद,मोखतम,मदरसा,इदगाह,बजार क्षेत्र, मठमन्दिर, इनार, छठघाट) वरिपरिको सार्वजनिक जग्गा,खुल्ला क्षेत्र लगायतका कसैले अतिक्रमण गरी निर्माण गरेको संरचना,टहरा,घर,घेरा वा अन्य कुनै पनि किसिमकाले प्रयोग गरिरहेको भए यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र स्वेच्छाले अतिक्रमण हटाई सम्बन्धित जग्गा खाली गर्नु हुन सम्बन्धित संबै सरोकारवालाहरुलाई सुचित गरिन्छ । साथै निर्धारित समयभित्र अतिक्रमण नहटाए वा नखाली गरेमा गाउँपालिकाबाट अतिक्रमण हटाउने कार्य गरिनेछ र सो कार्यमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति/अतिक्रमणकर्ताबाट असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०८३।०२।०४
.......................
सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

१.सबै वडा कार्यालयहरु,विश्रामपुर गाउँपालिका,बारा ।

२.सूचना प्राविधि शाखा सूचना Upload गरि दिनुहुन ।

CamScanner

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं. ४१२

मितिः २०८३।०१।१७

ने.सं. ११४६

विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्वन्धी व्यवस्था अन्तर्गत ऐ. ऐनको दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तीको संरक्षण सम्वन्धित गाउँपालिका, नगरपालिकाले गर्नुपर्ने व्यवस्था अवगतै छ । सो सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को एक सय वुँदे कार्ययोजनाको वुँदा नं. ९२ मा उल्लेख भएबमोजिम तहाँ गाउँपालिका, नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन देहाय बमोजिम हुन यस मन्त्रालयको मिति २०८३।०१।१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

देहायः

१. सम्वन्धित जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा गाउँपालिका/नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये वास्तविक सुकुम्वासी पहिचान गर्ने।
२. पहिचान भएका वास्तविक सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन गर्ने योजना (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औपधोपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रवन्ध लगायत) तयार गर्ने।
३. पहिचान भएका वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गरिसकेपछि सम्वन्धित जग्गाको अतिक्रमण हटाउने क्रममा सुरक्षा व्यवस्था आवश्यक भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्ने।
४. आफ्नो गाउँपालिका/नगरपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्वन्धी अन्य आवश्यक कार्य गर्ने।
५. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगरिदिन र जोखिम पूर्ण स्थानमा वसोवास नगर्न आम जनतालाई सुसूचित गराउने ।

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
दर्ता नं.
दर्ता मिति २०८३।१।२९

(दीपेश कट्टेल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

फोन नं.: ०५३-५५०१३३
: ०५३-५५०१६६
: ०५३-५५०४३३

कलैया,
बारा, नेपाल ।

पत्र संख्या - २०८२/०८३
चलानी नं. १९२२२

मितिः- २०८३।०१।१७

विषयः- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्वन्धमा ।

श्री जिल्ला स्थित सरकारी तथा सार्वजनिक कार्यालयहरु सबै, बारा ।

उपरोक्त सम्वन्धमा श्री गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा समारोह व्यवस्थापन शाखा, सिंहदरवार, काठमाडौंको च.नं. ६३७ मिति २०८३।०१।१६ गतेको पत्रको सन्दर्भमा यो पत्र लेखिएको छ । जिल्ला स्थित सरकारी तथा सार्वजनिक कार्यालयहरुमार्फत अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा खाली गर्ने तथा अतिक्रमित संरचना हटाउने सन्दर्भमा सम्वन्धित कार्यालयहरुले अतिक्रमण हटाउने योजना तयार गरी यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। उक्त कार्ययोजना श्री गृह मन्त्रालय सिंहदरवार काठमाडौंवाट स्वीकृत भए पश्चात मात्र यस कार्यालयवाट आवश्यक सुरक्षा प्रवन्ध तथा अन्य सहजीकरण हुने व्यहोरा जानकारी गराईन्छ।

.............................
(छविरमण भट्टराई)
स.प्रमुख जिल्ला अधिकारी

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
दर्ता नं. :
दर्ता मिति

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा)

ईमेल: moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- आ.प्र.स. तथा स.स.व्य.शा- ०८२/८३
प्राप्त पत्र संख्या र मिति:-
च.न. - ६३८

मिति: २०८३/०१/१६
नेपाल संवत् ११४६

नेपाल सरकार
गृह मन्त्रालय

विषय:- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७)

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनका सम्बन्धमा यस मन्त्रालयको च.नं. ५५१ मिति २०८२/१२/२० को पत्रमार्फत तहाँ कार्यालयहरूमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उल्लिखित पत्र बमोजिम सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी यस मन्त्रालयमा पठाउनुहुन र मन्त्रालयको स्वीकृति पश्चात् अतिक्रमण हटाउने कार्यका लागि ययोचित सुरक्षा प्रवन्ध लगायत अन्य आवश्यक सहजीकरण गर्नुहुन मिति २०८३/०१/१६ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

२०८३/०१/१६
(कृष्ण देवकोटा)
शाखा अधिकृत

CamScanner